# आमाबुवा/अभिभावक र युवाका लागि जानकारी

आदरणीय आमाबुवा तथा अभिभावकहरू,

हाम्रो विद्यालय यस शरद याममा सञ्चालन हुने Healthy Youth Survey (HYS, स्वस्थ युवा सर्वेक्षण) मा सहभागी हुने छ। वासिङ्टन राज्यका युवाहरूले 2002 देखि HYS मा भाग लिइरहेका छन्। सर्वेक्षणमा भाग लिने युवाहरूको सङ्ख्या प्रति वर्ष केही हजारबाट बढेर 215,000 भन्दा बढी पुगिसकेको छ! सर्वेक्षणमा युवाहरूको अवस्था, सामाजिक सम्बन्ध, मानसिक स्वास्थ्य, लागुपदार्थको प्रयोग, चोटपटकको जोखिम र अन्य धेरै कुराहरू सोधिएको हुन्छ। समुदाय, डिस्ट्रिक्ट, विद्यालय र जनस्वास्थ्य एजेन्सीहरूले सर्वेक्षणका नतिजाहरू युवा कल्याणमा टेवा पुऱ्याउन निर्माण गरिने नीति र कार्यक्रमहरू सूचित गर्न प्रयोग गर्दछन्। HYS युवाहरूका लागि हाम्रो राज्यको भविष्य मार्गदर्शन गर्ने एक अर्थपूर्ण माध्यम हो। **तपाईंको युवा छोराछोरीको सहभागिताको सराहना गर्दछौँ**। ***कृपया यो जानकारी आफ्ना युवा छोराछोरीहरूलाई प्रदान गर्नुहोस्।*** *त्यसपछि सर्वेक्षणको बारेमा कुरा गर्नुहोस् र तपाईंको युवा छोराछोरीले भाग लिने कि नलिने भन्ने बारेमा निर्णय गर्नुहोस्।*

## थप जानकारी चाहिन्छ?

तपाईंसँग सर्वेक्षणको उद्देश्य वा सर्वेक्षण प्रक्रियाहरूका बारेमा कुनै प्रश्नहरू छन् भने कृपया Healthy Youth Survey का प्रमुख अनुसन्धानकर्तालाई (877) HYS-7111 मा फोन गरेर वा healthy.youth@doh.wa.gov मा इमेलमार्फत सम्पर्क गर्नुहोस्। Healthy Youth Survey का बारेमा थप जानकारी यहाँ पाउन सकिन्छ: www.AskHYS.net (अङ्ग्रेजीमा)

यस पत्रमा वर्णन गरिएका Healthy Youth Survey का प्रक्रियाहरू वासिङ्टन राज्य Institutional Review Board (संस्थागत समीक्षा बोर्ड) ले अनुमोदन गरेको छ। तपाईं यहाँ यसबारे थप पढ्न सक्नुहुन्छ: www.askhys.net/HYS2025 IRB Requirements (अङ्ग्रेजीमा)

तपाईंलाई यी प्रक्रियाहरूको पालना गरिएको छैन जस्तो लाग्छ भने कृपया 1-800-583-8488 मा फोन गर्नुहोस्। तपाईंले आफ्नो नाम छोडिराख्नुपर्दैन। सबै सन्देशहरूको प्रतिक्रिया दिइने छ।

## बारम्बार सोधिने प्रश्नहरू

### प्रश्न: क-कसलाई सर्वेक्षणमा भाग लिन अनुरोध गरिने छ?

**उत्तर:** वासिङ्टन राज्यभरिका कक्षा 6, 8, 10 र 12 का विद्यार्थीहरू र साना स्कुल डिस्ट्रिक्टहरूका कक्षा 7, 9 र 11 का विद्यार्थीहरू।

### प्रश्न: के यो सर्वेक्षण स्वैच्छिक हो?

**उत्तर:** हो! सर्वेक्षणमा भाग लिने युवाहरूले कुनै पनि समयमा प्रश्नहरू छोड्न र सर्वेक्षण पूरा नगरी रोक्न सक्छन्। तपाईं आफ्ना युवा छोराछोरीले सर्वेक्षणमा भाग लिऊन् भन्ने चाहनुहुन्न भने तपाईंले उनीहरूलाई छुट दिनका लागि विद्यालयमा फोन गर्न सक्नुहुन्छ। युवाहरूले सर्वेक्षणमा सहभागी हुन नचाहेको कुरा आफ्ना शिक्षकलाई पनि बताउन सक्छन्। सर्वेक्षणमा सहभागी नहुने जोकोही पुस्तकालयमा अध्ययन गर्ने वा पढ्ने जस्ता फरक क्रियाकलापमा सहभागी हुने छन्। सर्वेक्षणमा भाग नलिएमा कुनै सजाय हुने छैन। तपाईंको छोराछोरीको ग्रेडमा कुनै असर पर्ने छैन।

### प्रश्न: सर्वेक्षणमा कस्ता-कस्ता प्रश्नहरू हुन्छन्?

**उत्तर:** सर्वेक्षणका प्रश्नहरू देशभर र वासिङ्टनमा गरिएका सर्वेक्षणहरूबाट आउँछन्। अभिभावकहरू यहाँ गई प्रश्नहरूको समीक्षा गर्न सक्नुहुन्छ: https://www.askhys.net/Resources/Survey Questionnaires (अङ्ग्रेजीम)।

केही विषयहरू निम्नानुसार छन्:

- जनसाङ्ख्यिकी, जस्तै उमेर, लिङ्ग, जाति र जातीयता
- विद्यालय र समुदायका बारेमा भावनाहरू
- आमाबुवा, साथीसङ्गी र छिमेकीहरूसँगको सम्बन्ध
- शारीरिक क्रियाकलाप र खानामा पहुँच
- स्वास्थ्य शिक्षा
- लागुपदार्थको प्रयोग
- सुरक्षा र हिंसासँग सम्बन्धित व्यवहार र भावनाहरू
- लैङ्गिक पहिचान[1]
- यौनिक झुकाव (कक्षा 6 र 7 का लागि होइन)
- यौनजन्य व्यवहार र हिंसा (कक्षा 6 र 7 का लागि होइन)[2]

### प्रश्न: सर्वेक्षणको नतिजामा कसले पहुँच पाउन सक्छ?

**उत्तर:** व्यक्तिगत-स्तरका जवाफहरूलाई विद्यालय र डिस्ट्रिक्टहरूको रिपोर्टमा सबैलाई मिलाएर संक्षेपमा प्रस्तुत गरिन्छ र निरीक्षक र प्रधानाध्यापकहरूलाई उपलब्ध गराइन्छ। काउन्टी, क्षेत्रीय Educational Service Districts (ESD, शैक्षिक सेवा डिस्ट्रिक्टहरू) र राज्यका रिपोर्टहरू [AskHYS.net](AskHYS.net) (अङ्ग्रेजीमा) मा सार्वजनिक रूपमा सम्प्रेषण गरिन्छन्।

डेटासेटहरू स्वास्थ्य विभागद्वारा व्यवस्थित डेटा सेयरिङ सम्झौता प्रक्रियामार्फत स्थानीय स्वास्थ्य विभाग र अनुसन्धानकर्ताहरू जस्ता स्वीकृत डेटा प्रयोगकर्ताहरूलाई अनुरोध गरेमा व्यक्तिगत जवाफहरू सहितका डेटासेटहरू उपलब्ध गराइन्छ।

### प्रश्न: सहभागीको पहिचान कसरी सुरक्षित गरिन्छ?

**उत्तर:** व्यक्तिगत HYS जवाफहरूको गोपनीयताको पूर्ण ग्यारेन्टी गर्न सकिँदैन। कथंकदाचित, स्वीकृति नभएका व्यक्तिले व्यक्तिगत सर्वेक्षणको नतिजा हेरेको अवस्थामा केही सहभागीहरूलाई स्कुल, ग्रेड, जाति/जातीयता र बाहिरी ज्ञान जस्ता विवरण प्रयोग गरेर पहिचान गर्ने सम्भावना हुन्छ।

तथापि, HYS सधैँ स्वैच्छिक हुन्छ र सहभागीको गोपनीयताको सुरक्षा गर्न हामी निम्नलगायतका कदमहरू चाल्ने गर्दछौँ:

- सहभागीहरूले सर्वेक्षणमा आफ्नो नाम राख्दैनन् र सर्वेक्षणसँग सहभागीलाई पहिचान गर्न कुनै कोडहरू सङ्कलन गरिँदैन।
- सहभागीहरूले विद्युतीय सर्वेक्षण प्लेटफर्ममा सर्वेक्षण पूरा गर्छन् र जवाफहरू पहुँच प्रतिबन्धित गरिएको सुरक्षित सर्भरमा भण्डारण गरिन्छन्।

### प्रश्न: सर्वेक्षणको नतिजा कसरी प्रयोग गरिन्छ?

**उत्तर:** विद्यालय, स्कुल डिस्ट्रिक्ट, समुदाय र जनस्वास्थ्य एजेन्सीहरूले नतिजाहरूलाई वासिङ्टनका युवाहरूका बारेमा बुझ्न र उनीहरूलाई आवश्यक पर्ने सेवाहरू प्रदान गर्नका लागि प्रयोग गर्छन्। नतिजाहरूलाई अनुदान लेखन, कार्यक्रम र नीति योजना तर्जुमा तथा मूल्याङ्कन र अन्य प्रयोजनहरूका लागि प्रयोग गरिन्छ।

Healthy Youth Survey निम्न प्रान्तीय एजेन्सीहरूद्वारा प्रायोजित छ: Health Care Authority - Division of Behavioral Health and Recovery (स्वास्थ्य सेवा प्राधिकरण - व्यवहारात्मक स्वास्थ्य तथा पुनर्स्थापना विभाग), Department of Health (स्वास्थ्य विभाग), Office of the Superintendent of Public Instruction (सार्वजनिक शिक्षण निरीक्षकको कार्यालय) र Liquor and Cannabis Board (मदिरा तथा गाँजा बोर्ड)।

*[1] यो प्रश्न कक्षा 8 र माथिल्लो तहका विद्यार्थीहरूले मात्र प्राप्त गर्ने छन्। विद्यालयहरूले चाहेमा 6 औँ र 7 औँ कक्षाको सर्वेक्षणमा कलिला विद्यार्थीहरूका लागि निर्माण गरिएको लिङ्गसम्बन्धी प्रश्न थप्न सक्ने छन्।*
*[2] स्कुलहरूले यौनजन्य व्यवहार र यौन हिंसासम्बन्धी प्रश्नहरू सोध्नबाट छुटका लागि अनुरोध गर्न सक्छन्।*